# मिति २०८२ साल फाल्गुन २९ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ४५ औ वैठकका निर्णयहरु ।

प्रस्तावहरु:

१. तुलसीपुर उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले प्रस्ताव गरेको मौजुदा संगठन संरचना र दरवन्दी तेरिज माथि छलफल गर्ने सम्वन्धमा।
२. निजी जग्गाको प्रारम्भिक वातावरणीय परिक्षण को लागि कार्यसूची स्वीकृत गर्ने सम्वन्धमा।
३. 'घ वर्गको निर्माण व्यवसायी नयाँ ईजाजतपत्र' प्रदान गर्ने सम्वन्धमा।
४. वहुवर्षिय ठेक्काहरुको नविकरणको लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने सम्वन्धमा।
५. तुलसीपुर उपमहानगरपालिकाको ३४ औ स्थापना दिवस मनाउने सम्बन्धमा।
६. विविध सम्वन्धमा।

निर्णयहरु:

निर्णय नं.१

प्रस्ताव नं १ माथि छलफल गर्दा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम १३ वमोजिम तुलसीपुर उपमहानगरपालिकामा गठित सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिले नगर कार्यपालिका समक्ष पेश गरेको साङ्गठनिक ढाँचा तथा दरवन्दी प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.२

प्रस्ताव नं २ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिका वडा नं ३ अन्तर्गत श्रीमति भूमा देवी डाँगीको नाममा दर्ता रहेको कित्ता नं १३०, २१४१.८५ वर्ग मिटर, लाहुरेचौर ३ ग को निजि जग्गाको आई.ई.ई कार्यसूची स्विकृतिका लागि पेश गरिएकोमा प्रारम्भिक वातावरणीय परिक्षणका लागि TOR (कार्यसूची) स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.३

प्रस्ताव नं ३ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाको "घ" वर्ग निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि, २०७४ मा उल्लेख भए वमोजिमका शर्त पुरा भएका तपसिल वमोजिमका निर्माण व्यवसायीहरुलाई "घ वर्ग निर्माण व्यवसायी नयाँ ईजाजतपत्र" प्रदान गर्ने निर्णय गरियो।

१. पि.श्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स , तुलसीपुर- १० दाङ।

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## मिति २०८२ साल फाल्गुन २९ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ४५ औ वैठकका निर्णयहरु।

टिकाराम खड्का
नगर प्रमुख

### निर्णय नं.४

१. प्रस्ताव नं ४ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाका वाट वहुवर्षिय आय ठेक्का आह्वान भएका तथा प्रत्येक वर्षहरुमा नविकरण गर्नु पर्ने सम्झौताका शर्त वमोजिम नविकरणका लागि उपस्थित नभएका व्यवसायीहरुका लागी यस तुलसीपुर उपमहानगरपालिकाको कार्यालयमा उपस्थित भई आय ठेक्काहरुको सम्झौता नविकरण गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

### निर्णय नं.५

प्रस्ताव नं ५ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाको ३४ औ स्थापना दिवस मिति २०८२ चैत्र ३० गते सोमवार मनाउने निर्णय गरियो साथै स्थापना दिवस व्यवस्थापन र सञ्चालन गर्न तुलसीपुर उपमहानगरपालिकाका उप-प्रमुख श्री स्यानी चौधरीको संयोजकत्वमा ७ सदस्यिय उपसमिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री स्यानी चौधरी | उप-प्रमुख | - संयोजक |
| श्री माधव वली | प्रवक्ता/१८ नं वडा अध्यक्ष | - सदस्य |
| श्री हुमाकान्त सापकोटा | १ नं वडा अध्यक्ष | - सदस्य |
| श्री राम वहादुर जि.सी | ७ नं वडा अध्यक्ष | - सदस्य |
| श्री धर्मराज वली | ८ नं वडा अध्यक्ष | - सदस्य |
| श्री विष्णु कुमारी आचार्य | अधिकृत स्तर आठौं | -सदस्य सचिव |

### निर्णय नं.६

विविध सम्वन्धमा।

क) २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनको क्रममा तुलसीपुर उपमहानगरपालिकाको प्रशासनीक भवनमा क्षति भएकोले सो भवनको पुनर्निर्माण गर्न र तुलसीपुर उपमहानगरपालिकामा रहेको बसपार्कमा थप पूर्वाधारका स्विकृत कार्य गर्न नगर विकास कोषसंग ऋण सम्झौता गर्ने निर्णय गरियो।

ख) तुलसीपुर उपमहानगरपालिका वडा नं ८ निवासी पूर्व वडा अध्यक्ष श्री शेर वहादुर डाँगी विभिन्न दिर्घ रोगवाट सिकिस्त विरामि भएको र निजको आर्थिक अवस्था कमजोर भएकाले औषधोपचार खर्च वापत रु ५०,००० (अक्षरेपी रु पचास हाजर) उपलव्ध गराउने निर्णय गरियो।

टिकाराम खड्का
नगर प्रमुख